# उजुरी छानबिन, सत्य अन्वेषण तथा प्रतिवेदन लेखन सम्बन्धी कार्यविधि

प्रस्तावनाः सशस्त्र द्वन्द्वको क्रममा भएका मानव अधिकार र मानवीय कानूनको गम्भीर उल्लङ्घनका घटनाहरूका विषयमा सत्य अन्वेषण गर्ने तथा आयोगमा प्राप्त उजुरीहरूको छानबिन प्रक्रियालाई व्यवस्थित र प्रभावकारी बनाउन बाञ्छनीय भएकोले,

सत्य निरूपण तथा मेलमिलाप आयोग नियमावली, २०७२ को नियम ४६ ले दिएको अधिकार प्रयोग गरी आयोगले देहायको कार्यविधि बनाई जारी गरेको छ।

## परिच्छेद -१

## प्रारम्भिक

१. सङ्क्षिप्त नाम र प्रारम्भ : (१) यस कार्यविधिको नाम " सत्य अन्वेषण, उजुरी छानबिन तथा प्रतिवेदन लेखन सम्बन्धी कार्यविधि २०७९" रहेको छ।

(२) यो कार्यविधि आयोगले स्वीकृत गरेको मितिबाट प्रारम्भ हुनेछ।

२. परिभाषा: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "अनुसन्धान अधिकारी" भन्नाले द्वन्द्वकालीन घटनाको सत्य अन्वेषण तथा उजुरीहरूको छानबिनका लागि आयोगद्वारा नियुक्त कुनै सदस्य कार्यटोली वा उपसमिति सम्झनु पर्छ।

(ख) "आयोग" भन्नाले ऐनको दफा ३ बमोजिम गठित सत्य निरूपण तथा मेलमिलाप आयोग सम्झनु पर्छ।

(ग) "ऐन" भन्नाले बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१ सम्झनु पर्छ।

(घ) "उजुरी" भन्नाले सशस्त्र द्वन्द्वको अवधिमा भएका मानव अधिकार तथा मानवता विरूद्धका घटनाको यथार्थ तथ्य उल्लेख गरी पीडित वा निजको आफन्तले आयोगमा दिएको लिखित विवरण, निवेदन लगायतलाई सम्झनु पर्छ।

(ङ) "नियमावली" भन्नाले सत्य निरूपण तथा मेलमिलाप आयोग, २०७२ सम्झनु पर्छ।

## परिच्छेद-२

## उजुरी छानबिन तथा सत्य अन्वेषण सम्बन्धी व्यवस्था

३. प्रारम्भिक छानबिन : (१) आयोगले प्राप्त उजुरीहरुका सम्बन्धमा प्रारम्भिक छानबिन गर्न तीन वा सोभन्दा बढी व्यक्तिहरू रहेको उपसमिति वा कार्यटोली गठन गर्नेछ।

(२) ऐन तथा नियमावलीमा उल्लिखित अधिकारका अतिरिक्त उपदफा (१) बमोजिम गठित उपसमिति वा कर्यटोलीको काम, कर्तव्य, जिम्मेवारी तथा अधिकार बमोजिम हुनेछ: -

(क) उजुरीकर्ता लगायत घटनाबाट पीडित व्यक्ति तथा साक्षीको बयान लिने र उनीहरूबाट आवश्यक सूचना एवं जानकारी प्राप्त गर्ने,

(ख) खण्ड (क) मा उल्लिखित व्यक्तिहरूका अतिरिक्त घटनाका बारेमा प्रत्यक्ष वा परोक्ष रूपमा जानकारी राख्ने व्यक्ति, पीडितका नातेदार र घटनाका विषयमा जानकारी दिन सक्ने भनी पहिचान भएका अन्य व्यक्तिहरू बयान लिने,

(ग) पीडित, अपाङ्गता भएका व्यक्ति, अशक्त, जेष्ठ नागरिक, बालबालिका वा यौनजन्य हिंसामा परेको व्यक्तिको हकमा बन्दसबाल वा विद्युतीय माध्यमबाट बयान लिने,

(घ) प्रत्येक उजुरीमा उल्लिखित घटनाका विषयमा थप सूचना तथा जानकारी प्राप्त गर्ने तथा त्यसको विश्लेषण गर्ने,

(ङ) आवश्यक भएमा घटनास्थलको स्थलगत भ्रमण गरी घटनाको वास्तविक र यथार्थ जानकारी प्राप्त गर्ने,

(च) प्राप्त सबुत प्रमाणको मूल्याङ्कन तथा पीडित लगायतको लिखित भनाइको विश्लेषण र विवेचना गर्ने,

(छ) बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका तथा यौनजन्य हिंसामा परेका व्यक्तिसँग सम्बन्धित उजुरीलाई पहिलो प्राथमिकतामा राख्ने,

(ज) पीडित तथा साक्षीको बयान र उपलब्ध तथ्य प्रमाणको आधारमा नियमावलीको अनुसूची-१३ बमोजिमको ढाँचामा सुविधा तथा सहुलियत सम्बन्धी निवेदन लिने।

(२) उजुरीको प्रारम्भिक छानबिन गर्दा उजुरकर्ता पीडित व्यक्ति साक्षी लगायतको बयान, बकपत्र अनुसूची -१ को ढाँचामा गराउनु पर्नेछ।

४. उजुरी छानबिन गर्दा ध्यान दिनुपर्ने कुराहरू : दफा ३ बमोजिमको उपसमिति वा कार्यटोलीले उजुरीहरूको छानबिन गर्दा देहायका कुरालाई ध्यान दिनु पर्नेछः-

(क) उजुरीहरूको व्यहोराको अध्ययन गरी समान प्रकृतिका उजुरीहरूलाई वर्गीकरण गरी सोही आधारमा उजुरी छानबिन र सत्य अन्वेषणको कार्यलाई अगाडि बढाउने,

(ख) पीडित र साक्षीको अनुरोध भएमा उनीहरूको परिचयलाई गोप्य राख्ने र त्यसको लागि निश्चित सङ्केत चिह्न राखी बयान लिने,

(ग) पीडित तथा साक्षीको बयान लिंदा स्वतन्त्र, भयरहित र मैत्रीपूर्ण वातावरणको निर्माण गर्ने,

(घ) घटनाका विषयमा स्थानीय प्रत्यक्षदर्शी, पत्रकार तथा समुदायका अन्य व्यक्तिसँग आवश्यक छलफल तथा परामर्श गर्ने,

(ङ) बयानको क्रममा सङ्कलित प्रमाणहरुलाई सुरक्षित तरिकाले राख्ने व्यवस्था मिलाउने,

(च) सरकारी वा अन्य निकायमा रहेका घटनासँग सम्बन्धि सबुत प्रमाण प्राप्त गर्ने ।

५. सत्यको अन्वेषणः (१) उजुरीको प्रारम्भिक छानबिनको क्रममा मानव अधिकार गम्भीर उल्लङ्घनका विषयमा सत्यको खोजी गरी यथार्थ तथ्य उजागर गर्नका लागि घटनाका बारेमा प्रत्यक्ष जानकारी राख्ने व्यक्ति पत्रकार नागरिक समाजका व्यक्तिहरुँग आवश्यक छलफल र परामर्श गर्नुपर्नेछ ।

(२) उजुरीमा उल्लिखित घटनाका विषयमा कुनै राष्ट्रिय वा स्थानीय पत्रपत्रिकामा कुनै समाचार सूचना वा जानकारी प्रकाशन भए नभएको यकीन गरी प्रकाशन भएको समाचार, सूचना आदि सङ्कलन गरी घटनाको सत्यतथ्य र वास्तविकताका विषयमा विश्लेषण गर्नुपर्नेछ ।

(३) द्वन्द्वको समयमा सरकारी तथा विद्रोही पक्षले जारी गरेका आदेश, विज्ञप्ति, सूचना आदि प्राप्त गरी वास्तविक सत्यतथ्यको अन्वेषण गर्नुपर्नेछ ।

६. कागजात तथा विवरण माग गर्नेः दफा ३ बमोजिम गठित उपसमिति वा कार्यटोलीले उजुरीको प्रारम्भिक छानबिन गर्दा देहायका विषयमा आवश्यक कागजात तथा विवरण माग गर्न सक्नेछ:-

(क) उजुरीमा उल्लिखित घटनाका विषयमा प्रहरी कार्यालयमा घटना वा अपराधसँग सम्बन्धित उजुरी वा जाहेरी दर्ता भइ अनुसन्धान वा तहकिकात भए वा नभएको विषयमा यकिन गर्न पत्राचार गर्ने र अनुसन्धान तथा तहकिकात भएको भए त्यस सम्बन्धी प्रतिवेदन तथा कागजात माग गर्ने,

(ख) उजुरीमा उल्लिखित घटनाका विषयमा कुनै न्यायिक वा अर्धन्यायिक निकायमा मुद्दा परे वा नपरेको र मुद्दा परेको भए फैसला भए वा नभएको विषयमा जानकारी माग गर्ने,

(ग) पीडित व्यक्तिले नेपाल सरकारका कुनै निकायबाट कुनै प्रकारको आर्थिक सुविध वा सहुलियत आदि प्राप्त गरे वा नगरेको विषयमा जानकारी प्राप्त गर्ने,

(घ) घरजग्गा कब्जाका विषयमा सम्बन्धित मालपोत कार्यालय तथा नापी कार्यालयबाट आवश्यक प्रमाण तथा वास्तविक विवरण माग गर्ने ।

७. प्रतिवेदन पेस गर्नुपर्नेः (१) दफा ३ बमोजिम उजुरीका सम्बन्धमा प्रारम्भिक गर्न गठित उपसमिति वा कार्यटोलीले प्रारम्भिक छानबिन सम्पन्न गरी अनुसूची दिइएको ढाँचामा आयोग समक्ष प्रतिवेदन पेस गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त भएको प्रारम्भिक छानबिन प्रतिवेदनका आधारमा आयोगले देहाय बमोजिमका निर्णय गर्नेछ: -

(क) उजुरीलाई तामेली राख्ने,

(ख) नियमावलीमा तोकिएको ढाँचामा पीडितलाई परिचयपत्र दिने,

(ग) ऐन तथा नियमावलीका आधारमा पीडितलाई क्षतिपूर्ति सुविधा तथा सहुलियतका लागि नेपाल सरकार समक्ष सिफारिस गर्ने,

(घ) घरजग्गा कब्जा गरिएको अवस्थामा सोको फिर्ताका लागि सिफारिस गर्ने,

(ङ) सम्पत्तिको क्षति मूल्याङ्न गर्न विज्ञ सहितको समिति गठन गर्ने,

(च) घटनाका सम्बन्धमा विस्तृत छानबिन गर्न अनुसन्धान अधिकृत नियुक्त गर्ने, वा

(छ) आयोगले उपयुक्त ठानेको अन्य निर्णय।

परिच्छेद- ३

विस्तृत छानबिन

८. उजुरीको विस्तृत छानबिनः (१) प्रारम्भिक छानबिनबाट प्राप्त प्रतिवेदन तथा संलग्न तथ्य र प्रमाणका आधारमा कुनै घटनाका विषयमा विस्तृत छानबिन गर्नका लागि सिफारिस भएको अवस्था आयोगले त्यस्तो घटनाका सम्बन्धमा विस्तृत छानबिन गर्न अनुसन्धान अधिकृत नियुक्त गर्नेछ।

(२) ऐन तथा नियमावलीमा उल्लिखित अधिकारका अतिरिक्त उपदफा (१) बमोजिम नियुक्त अनुसन्धान अधिकृतको काम, कर्तव्य, अधिकार तथा जिम्मेवारी देहाय बमोजिम हुनेछ: -

(क) उजुरीकर्ता, घटनाबाट पीडित व्यक्ति तथा साक्षीको बयान लिने र उनीहरूबाट आवश्यक सूचना एवं जानकारी प्राप्त गर्ने,

(ख) खण्ड (क) मा उल्लिखित व्यक्तिहरूका अतिरिक्त घटनाका बारेमा प्रत्यक्ष वा परोक्ष रूपमा जानकारी दिनसक्ने व्यक्ति, पीडितका नातेदार र घटनाका विषयमा जानकारी दिन सक्ने भनी पहिचान भएका अन्य व्यक्तिहरू बयान लिने,

(ग) आरोपित व्यक्तिको बयान लिने वा सोधपुछ गर्ने,

(घ) उजुरीमा उल्लिखित घटनाका विषयमा थप सूचना तथा जानकारी प्राप्त गर्ने तथा त्यसको विश्लेषण गर्ने,

(ङ) आवश्यक भएमा घटनास्थलको स्थलगत भ्रमण गरी घटनाको वास्तविक र यथार्थ जानकारी प्राप्त गर्ने,

(च) पहिचान खुलेको अवस्थामा पीडकको बयान लिने ।

९. उजुरी विस्तृत छानबिन गर्दा ध्यान दिनुपर्ने कुराहरू : उजुरीमा उल्लिखित घटनाका सम्बन्धमा विस्तृत छानबिन गर्दा देहायका कुरालाई ध्यान दिनु पर्नेछः-

(क) पीडित र साक्षीको अनुरोध भएमा उनीहरूको परिचयलाई गोप्य राख्ने र त्यसको लागि निश्चित सङ्केत चिह्न राखी बयान लिने,

(ख) पीडित तथा साक्षीको बयान लिंदा स्वतन्त्र, भयरहित र मैत्रीपूर्ण वातावरणको निर्माण गर्ने,

(ग) घटनाका विषयमा स्थानीय प्रत्यक्षदर्शी, पत्रकार तथा समुदायका अन्य व्यक्तिबाट थप सूचना तथा जानकारी प्राप्त गर्ने,

(घ) बयानको क्रममा सङ्कलित प्रमाणहरुलाई सुरक्षित राख्ने,

(ङ) सरकारी कार्यालय वा अन्य निकायमा घटनासँग सम्बन्धि कुनै सबुत प्रमाण रहेको जानकारी प्राप्त भएमा आवश्यक पत्राचार गरी त्यस्ता सबुत प्रमाण प्राप्त गर्ने ।

१०. विस्तृत छानबिनको प्रतिवेदन पेस गर्ने: (१) उजुरीमा उल्लिखित घटनाका विषयमा विस्तृत अनुसन्धान सम्पन्न गरे पश्चात नियमावलीको अनुसूची-८ बमोजिमको ढाँचामा आयोगसमक्ष विस्तृत छानबिन प्रतिवेदन पेस गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम पेस गरिने छानबिन प्रतिवेदनमा देहायका विषयहरू समावेश गर्नुपर्नेछ: -

(क) घटनाको प्रकृति, घटना घट्नुको कारण र घटना भएको मिति,

(ख) घटनाबाट भएको मानवीय तथा भौतिक क्षति र त्यसको प्रारम्भिक आँकलन,

(ग) घटनाका सम्बन्धमा प्राप्त प्रमाण, वस्तुस्थिति, पीडित तथा साक्षीको बयान समेतका आधारमा गर्नुपर्ने थप कारबाही,

(घ) भविष्यमा यस प्रकृतिका घटनाहरू हुन नदिन अवलम्बन गर्नुपर्ने उपायहरू ।

(३) उपदफा (१) बमोजिम प्राप्त विस्तृत छानबिन प्रतिवेदनका आधारमा कानूनी कारबाही गर्नुपर्ने देखिएमा सोही बमोजिमको निर्णय गरी आवश्यक प्रमाण पीडित साक्षी तथा पीडकको बयान आदि सबै संलग्न गरी कारबाहीका लागि सम्बन्धित निकाय समक्ष सिफारिस गर्नेछ ।

(४) ऐन नियमावली तथा यस कार्यविधि बमोजिम मानव अधिकारको गम्भीर उल्लङ्घनमा कारबाहीका लागि सिफारिस गर्दा देहायका विवरणहरू समेत उल्लेख गर्नुपर्नेछ: -

(क) मानव अधिकारको गम्भीर उल्लङ्घनको विषय,

(ख) मानव अधिकारको गम्भीर उल्लङ्घनका विषयमा आयोगले प्राप्त गरेको जानकारी तथा प्रमाण,

(ग) छानबिनबाट उजागर भएको वास्तविक तथ्य,

(घ) आयोगको राय तथा सिफारिस।

परिच्छेद -४

## सार्वजनिक सुनुवाइ सम्बन्धी व्यवस्था

११. सार्वजनिक सुनुवाइका लागि सूचना प्रकाशन गर्ने : मानव अधिकारको गम्भीर उल्लङ्घन सम्बन्धी घटनाका विषयमा सार्वजनिक सुनुवाइ गर्नका लागि मिति, समय, स्थान उल्लेख गरी स्थानीय पत्रपत्रिका, रेडियो वा सञ्चारका अन्य उपयुक्त माध्यम मार्फत सूचना प्रकाशन गर्नुपर्नेछ।

१२. सार्वजनिक सुनुवाइको कार्यक्रम : (१) घटनाहरूको प्रकृतिका आधारमा घटनाका विषयमा पीडित व्यक्तिहरूलाई आफ्नो पिरमर्का तथा पीडा व्यक्त गर्नका लागि सार्वजनिक सुनुवाइको कार्यक्रम आयोजना गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिमको सार्वजनिक सुनुवाइको कार्यक्रम आयोजना गर्दा देहायको कार्यविधि अवलम्बन गर्नुपर्नेछ: -

(क) सार्वजनिक सुनुवाइको कार्यक्रम पीडित तथा अन्य सहभागीलाई पायक पर्ने स्थानमा आयोजना गर्नुपर्ने,

(ख) सार्वजनिक सुनुवाई कार्यक्रममा पीडितलाई स्वतन्त्र र भयरहित तरिका आफ्ना विचार राख्न पाउने वातावरणको सिर्जना गर्ने,

(ग) सार्वजनिक सुनुवाइको क्रममा व्यक्त पीडा, विचार तथा भनाइलाई लिपिवद्ध गर्ने,

(घ) आवश्यकता अनुसार पीडितलाई मनोपरामर्श सेवा उपलब्ध गराउने।

परिच्छेद- ५

## मेलमिलाप सम्बन्धी व्यवस्था

१३. मेलमिलापका लागि सूचना प्रकाशन गर्नुपर्ने: (१) आयोगमा प्राप्त उजुरीहरूका सम्बन्धमा प्रारम्भिक छानबिनको कार्य सम्पन्न भएपश्चात् ऐन बमोजिम मेलमिलाप हुनसक्ने घटनामा संलग्न पीडित र आरोपित व्यक्ति बीच मेलमिलाप कायम गराउन चाहनेका लागि निवेदन पेस गर्न आयोगले सार्वजनिक सूचना गर्नेछ।

(२) उपदफा (१) बमोजिम प्रकाशन हुने सूचनामा देहायका विवरणहरू उल्लेख गर्नुपर्नेछ: -

(क) मेलमिलापका लागि उपस्थित हुनुपर्ने मिति समय र स्थान,
(ख) मेलमिलाप गर्न चाहने सम्बद्ध व्यक्ति स्वयम् उपस्थिति हुनुपर्ने विषय,
(ग) मेलमिलापका लागि गर्न चाहने पक्षको पहिचान खुल्ने कागजात साथमा ल्याउनु पर्ने विषय।

१४. मेलमिलापको लागि निवेदन दिनुपर्ने: ऐन बमोजिम मेलमिलाप हुनसक्ने घटनाका सम्बन्धमा पीडित र आरोपित व्यक्ति दुवै पक्ष मेलमिलाप गर्न चाहेमा सोही व्यहोरा खोली आयोग समक्ष नियमावली अनुसूची -११ को ढाँचामा लिखित निवेदन गर्न सक्नेछन्।

१५. मेलमिलाप गराइ दिने: (१) दफा १४ बमोजिम प्राप्त निवेदनका आधारमा आयोगले पीडित र आरोपित दुवै पक्ष बीच नियमावलीको अनुसूची-१२ को ढाँचामा मेलमिलाप गराइ दिनेछ।

(२) उपदफा (१) बमोजिम मेलमिलाप भएको व्यहोराको जानकारी सम्बन्धित जिल्ला प्रशासन कार्यालय र स्थानीय प्रहरीलाई समेत दिनुपर्नेछ।

## परिच्छेद -६

## प्रतिवेदन सम्बन्धी व्यवस्था

१६. प्रतिवेदन तयार गर्ने : (१) आयोगले ऐन तथा नियमावली बमोजिम छानबिनको कार्य सम्पन्न गरे पश्चात ऐनको दफा २७ बमोजिमको प्रतिवेदन तयार गर्नुपर्नेछ।

(२) उपदफा १ बमोजिम तयार गरिने प्रतिवेदनमा ऐनको दफा २७ मा उल्लिखित विवरणका अतिरिक्त देहायका विषयहरूलाई समावेश गर्नुपर्नेछ: -

(क) आयोगले छानबिन गरेका उजुरीको जम्मा सङ्ख्या तथा घटनाको प्रकार,

(ख) मानव अधिकारको गम्भीर उल्लङ्घनका घटनामा जिम्मेवार रहेको आधारमा कारबाहीको लागि सिफारिस गरिएका व्यक्तिहरू र मानव अधिकार उल्लङ्घनको प्रकृति,

(ग) क्षतिपूर्ति, सुविधा तथा सहुलियतका लागि सिफारिस गरिएको व्यक्तिहरूको नामावली तथा जम्मा सङ्ख्या,

(घ) रोजगारी, औषधोपचार, उच्च शिक्षा अध्ययन बैङ्क तथा वित्तीय संस्थाबाट ऋण सहुलियत उपलब्ध गराउने लगायतका विषयमा गरिएको सिफारिस सङ्ख्या र सोको नामावली,

(ङ) कब्जा गरिएको सम्पत्ति फिर्ताका लागि लेखिएको विवरण तथा सङ्ख्या,

(च) उद्धार तथा पुनर्स्थापना गरिएका पीडितको नामावली तथा सङ्ख्या,

(छ) परिपूरणका लागि गरिएको सिफारिस सम्बन्धी विवरण,

(ज) परिचयपत्र उपलब्ध गराइएका व्यक्तिहरूको नामावली र सङ्ख्या,

(झ) तामेलीमा राखिएका उजुरीहरूको सङ्ख्या र तामेलीमा राखिनुको कारण,

(ञ) द्वन्द्वका आधारभूत कारणहरू र त्यसको निराकरणका लागि नीतिगत कानूनी संस्थागत प्रशासनिक सुधारका लागि अवलम्बन गर्नुपर्ने उपायहरू,

(ट) मानव अधिकारको प्रवर्द्धन सम्मान र पालनाका लागि अवलम्बन गर्नुपर्ने उपायहरू,

(ठ) अन्तरिम प्रतिवेदनमा सिफारिस गरिएका विषयहरू र त्यसको कार्यान्वयनको अवस्था,

१७. प्रतिवेदन कार्यान्वयनको ढाँचा : दफा १४ बमोजिम प्रतिवेदन तयार गर्दा त्यस्तो प्रतिवेदन कार्यान्वयनको ढाँचा र सम्भव भएसम्म कार्यान्वयनको समयसीमा समेत तय गर्न सकिनेछ।

## परिच्छेद-७

## विविध

१८. उजुरी छानबिनको प्राथमिकताक्रमः आयोगमा प्राप्त उजुरीहरूको सम्बन्धमा छानबिन गर्दा देहायको प्राथमिकताका आधारमा गर्नुपर्नेछ:-

(क) बलात्कार तथा यौनहिंसासँग सम्बन्धित उजुरी,

(ख) जेष्ठ नागरिक अशक्त वा अपाङ्गता भएका व्यक्तिसँग सम्बन्धित उजुरी,

(ग) बालबालिकासँग सम्बन्धित घटना तथा उजुरी,

(घ) एकल महिलाका उजुरी,

(ङ) हत्या,

(च) अपहरण तथा शरीर बन्धक,

(छ) व्यक्ति बेपत्त,

(ज) अङ्ग भङ्ग तथा अपाङ्ग बनाउने,

(झ) शारीरिक तथा मानसिक यातना,

(ञ) व्यक्तिगत वा सार्वजनिक सम्पत्ति लुटपाट कब्जा तोडफोड वा आगजनी,

(ट) घरजग्गाबाट जबरजस्ती निकाला वा अन्य कुनै किसिमबाट विस्थापन, र

(ठ) मानव अधिकार वा मानवीय कानून विपरीत गरिएका जुनसुकै किसिमका अमानवीय कार्य वा मानवता विरूद्धको अन्य अपराध।

१९. परिचय पत्र उपलब्ध गराउने : आयोगमा प्राप्त उजुरीहरूको छानबिन पश्चात द्वन्द्व पीडित रहेको पुष्टि भएका आयोगले द्वन्द्व पीडित परिचयपत्र उपलब्ध गराउनेछ।

२०. गोपनीयता कायम गर्नुपर्ने : (१) उजुरीको छानबिन तथा बयानको क्रममा उजुरकर्ता, पीडित, साक्षी लगायतको पहिचान तथा परिचय गोप्य राख्न चाहेमा वा सुरक्षाको दृष्टिबाट उनीहरूको परिचय गोप्य राख्न आवश्यक देखिएमा उनीहरुको परिचय गोप्य राख्नुपर्नेछ।

(२) उपदफा (१) मा उल्लेख भएको बाहेक बलात्कार वा यौन हिंसासँग सम्बन्धित उजुरी तथा घटनाहरूको छानबिन गर्दा उजुरकर्ता पीडित साक्षी लगायत सबैको परिचय तथा पहिचान अनिवार्यरूपमा गोप्य राख्नुपर्नेछ।

(३) उजुरीको छानबिन तथा अनुसन्धानमा संलग्न पदाधिकारी वा कर्मचारीले उक्त कामको सिलसिलामा आफूलाई ज्ञात वा जानकारी भएको कुनै पनि जानकारी, सूचना वा तथ्यलाई कुनै पनि प्रकारले प्रकट गर्न हुदैन्।

२१. सूचना प्रविधिको प्रयोग : (१) उजुरीको छानबिन तथा घटनाको अनुसन्धानमा आयोग, छानबिन उपसमिति, कार्यटोली तथा अनुसन्धान अधिकृतले आवश्यकताअनुसार सूचना प्रविधि तथा आधुनिक सञ्चार उपकरणको प्रयोग गर्नसक्नेछ।

(२) भिडियो कन्फ्रेन्सिङ्ग वा सञ्चारका त्यस्तै माध्यमबाट पीडित तथा साक्षीको बयान, बकपत्र लिन सकिने छ।

२२. बाधा अड्काउ फुकाउने अधिकार : यस कार्यविधिको कार्यान्वयनको क्रममा कुनै बाधा अड्काउ आइपरेमा आयोगले निर्णय गरी त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ।

२३. खारेजी र बचाउ : (१) उजुरी छानबिन कार्यविधि २०७६ खारेज गरिएको छ।

(२) उपदफा १ मा उल्लिखित कार्यविधि बमोजिम भए गरेका काम कारबाही यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ।

# अनुसूची २

## निर्णयको ढाँचा

## प्रारम्भिक प्रतिवेदनका आधारमा
## सत्य निरुपण तथा मेलमिलाप आयोगबाट भएको निर्णय

निर्णय नः निर्णय मितिः

१ उजूरी दर्ता नं र मिति :

२ उजूरीकर्ताको नाम, थर, वतन :

३ घटनाको सङक्षिप्त व्यहोरा :

४. तथ्य र प्रमाणको संक्षिप्त विवेचनाः

३. आयोगको अधिकारक्षेत्रः

घटना भएको मिति, पीडितको बयान तथा अन्य सम्बद्ध प्रमाण कागजातहरु अध्ययन गर्दा उक्त घटना सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन २०७१ बमोजिम आयोगको अधिकारक्षेत्र अन्तर्गत पर्ने देखिन्छ।

४. आयोगको निर्णयः

माथि उल्लिखित विश्लेषण, उजूरीकर्ता एवं पीडितको बयान र बुझिएका प्रमाण तथा सत्य निरुपण तथा मेलमिला आयोग ऐन, २०७१ सत्य निरुपण तथा मेलमिला आयोग नियमावली, २०७२ आयोगको कार्यविधि समेका आधारमा प्रस्तुत उजूरीका सम्बन्धमा देहाय बमोजिम गर्ने निर्णय गरियोः

(क) विस्तृत छानबिन गर्ने :
(ख) उजुरी तामेलीमा राख्ने :
(ग) पीडित परिचयपत्र उपलब्ध गराउने :
(घ) देहाय बमोजिमको क्षतिपूर्ति सुविधा तथा सहुलियत उपलब्ध गराउने :
(ङ)

| अध्यक्ष | सदस्यहरू |
|---|---|

| | |
|---|---|
| | १ |
| | २ |
| | ३ |